KRIPA NATIONAL DAILY

कृपा

राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष १९, अंक-१९४ बारा, २०७९ भदौ २६ गते आईतबार/ प्रतिपदा /नेपाल संवत् ११४२ / Sunday, Sep. 11 2022/पृष्ठ ४ /मूल्य रू. ५/- पाँच

# मोतिहारी-अमलेखगंज पेट्रोलियम पाइपलाइनबाट नेपाल आयल निगमलाई ५ अर्ब फाइदा



सिमरा,२५ भदौ/मोतिहारी( अमलेखगंज पेट्रोलियम पाइपलाइन सञ्चालनमा आएको तीन वर्ष पूरा हुँदा नेपाल आयल निगमले सो आयोजनाबाट पाँच अर्ब बचत गरेको छ ।

पाइपलाइन सञ्चालनमा आएको तीन वर्ष पूरा भएको अवसरमा अमलेखगंजस्थित आयल निगमको प्रादेशिक कार्यालयमा आयोजित कार्यक्रममा पाइपलाइन अत्यन्तै सफल भएको बताइएको छ ।

दक्षिण एसियाकै पहिलो अन्तरदेशीय पाइपलाइन परियोजना अन्तर्गत मोतिहारी(अमलेखगंज पेट्रोलियम पाइपलाइन २०७६ भदौ २४ गते देखि सञ्चालनमा आएको थियो । पाइपलाइनको उद्घाटन नेपालका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले एकसाथ नेपाल र भारतबाट बटम थिचेर गर्नुभएको थियो । पाइपलाइनको तीन वर्ष सफल भएको अवसरमा आयोजित कार्यक्रममा प्रादेशिक

बाँकी तेश्रो पेजमा

# बुद्धिजीवीहरू समाजको 'थिङ्क ट्याङ्क' : एमाले नेता पौडेल

निजगढ २५ भदौ/नेपाल कम्युनिष्ट पार्टी एमालेका पोलिटव्युरो सदस्य पुरुषोत्तम पौडेलले बुद्धिजीवीहरु समाजको 'थिङ्क ट्याङ्क' भएको बताउनुभएको छ ।

नेपाल बुद्धिजीवी परिषद निजगढ नगरको प्रथम नगर अधिवेशनको उद्घाटन कार्यक्रममा शनिवार प्रमुख अतिथिको आसनबाट बोल्दै उहाँले सो कुरा बताउनुभएको हो । उहाँले मानसिक श्रम गर्ने मानिसहरु नै बुद्धिजीवी भएको र अध्ययन तथा अनुसन्धानमार्फत उनीहरुले समाज सुधार र विकासको लागि काम गर्नुपर्ने बताउनुभयो । उहाले बुद्धिजीवीहरुले आफ्नो क्षेत्रको विकासको लागि चिन्तन मनन गर्नुपर्ने बताउनुभयो ।

नेता पौडेलले शैक्षिक प्रमाण पत्र हासिल गर्दैमा मात्र कुनै व्यक्ति बुद्धिजीवी हुन नसक्ने पनि बताउनुभयो । उहाँले औपचारिक शिक्षा नलिका तर जीवन र जगतलाई बुझेका तथा आफूसंगै समाजलाई पनि परिवर्तन गर्ने काममा लागेका मानिसहरु नै बुद्धिजीवी हुन भन्नुभयो ।



अधिवेशनले मणिश्वर घिमिरेको अध्यक्षतामा ५२ सदस्यीय कार्यसमिति चयन गरेको छ । कार्यसमितिको उपाध्यक्षमा बालकुमारी सिंजाली, सचिव रमेश तिमल्सिना, कोषाध्यक्षमा राजकुमार सापकोटा, सहसचिवमा सतिसकुमार कर्ण र संगिता खतिवडा न्यौपाने तथा सदस्यहरुमा युवराज घिमिरे, सविता पौडेल, शम्भुबहादुर भण्डारी, प्रेमप्रसाद बन्जारा, बच्चुराम लामिछाने, टेकेन्द्रप्रसाद घिमिरे, रितबहादुर तामाङ्ग, शिवराज शर्मा, अशोककुमार खुलाल, खिलबहादुर दर्लामी, हरी चौलागाई, चन्दन चौधारी, भोलाप्रसाद चौलागाई, भगवती खतिडा, विमला भसलान, श्रीहरि न्यौपाने

बाँकी तेश्रो पेजमा

# नेविसंघ र तरूण दल बारा कांग्रेस विवादको छाँयामा

धिरेन्द्र तिवारी

कलैया, २५ भदौ/नेपाली कांग्रेश बारामा रहेका दुई गुटको प्रभाव नेपाल विद्यार्थी संघठन र नेपाल तरुण दलमा पनि देखापरेको छ ।

बिपी जयन्तिको अवसरमा शुक्रवार नेबिसंघ र तरुण दलले कलैयामा छुट्टाछुट्टै कार्यक्रमको आयोजना गरेपछि भातृ संघठनमा पनि पार्टीभित्र रहेको गुटबन्दी प्रभाव देखिएको हो ।

बिपी जयन्तिको अवसरमा नेपाल तरुण दल बाराले कलैयास्थित प्रदेशशिक अस्पतालका बिरामीहरुलाई फलफूल बितरण गर्नुको साथै बिचार गोष्ठी कार्यक्रमको पनि आयोजना गरेको थियो । कार्यक्रममा तरुण दल बाराका अध्यक्ष दिपेन्द्र पटेल, नेपाली काङ्गेसका नेता लुकेश सिह, राममणी गुप्ता, युवा नेता हरिओम पटेल, सुनिल कुशवाहा, सुर्ज पटेल, रामबिहरि पटेल, महिला नेतृ कलावति पासवानलगायतको सहभागीता थियो ।



कार्यक्रममा सहभागी सबै जिल्ला पार्टी सभापती राजेश यादव पक्षधर हुन भने अर्को पक्षका नेता कार्यकर्ताहरु कार्यक्रममा देखिएका थिएनन ।

सभापती राजेशको विपक्षी गुटमा रहेका नेता कार्यकर्ताहरु भने नेबिसंघले कलैया उपमहानगरपालिका वडा नम्बर ४ स्थित अमृता अनाथालय आश्रममा आयोजना कार्यक्रममा सहभागी बनेका थिए । सो कार्यक्रममा नेपाली काङ्गेस जिल्ला सचिव राजेश रौनियार, मैयाराम यादव, नेबिसंघ बाराका अध्यक्ष राकेश पाणडे, युवा नेता अरबिन्द पटेल र बिनयराज शर्मा लगायको सहभागिता थियो । उनीहरु सबै सभापती राजेश यादव विरुद्ध उपसभापती मनोज भट्टले नेतृत्व गरेको गुटमा आवद्ध रहेका छन । कार्यक्रममा अनाथालयमा आश्रित २५ बालबालिकाहरुलाई फलफूल तथा स्टेसनरी सामग्रीहरु बितरण गरिएको थियो ।

पछिल्लो समय बारामा जिल्ला सभापती यादवले एउटा र उपसभापती मनोज भट्टले नेतृत्व गरेको बहुमत कार्यसमितिका सदस्यहरुबीच गुटबन्दी तीव्र बन्दै आएको छ ।

# 'बच्चा चोरी' को हल्लामा नलाग्न प्रहरीको आग्रह

निजगढ, २५ भदौ/इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक सन्जिव ओलीले निजगढमा फैलिएको 'बच्चा चोरी' को हल्ला निराधार भएको बताउनुभएको छ ।

बच्चा चोरी गर्ने मान्छे आएको भन्दै निजगढ नगरपालिका वडा नम्बर ८ खयरघारीका स्थानीयले एक जनालाई नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएपछि अनुसन्धानको क्रममा सो व्यक्ति बच्चा चोर नभएर माग्ने भएको खुलेको निरीक्षक ओलीले बताउनुभयो । गाउँमा बच्चा चोर आएको भन्ने हल्ला चले पनि त्यसमा कुनै सत्यता नभएको उहाँले जनाउनुभएको छ ।

माग्ने क्रममा गाउँमा आएका जीतपुरसिमरा उपमहागरपालिका वडा नम्बर २३ का जयलाल बरैका वर्ष १९ का छोरा सुनिललाई स्थानीयले नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका थिए । अनुसन्धानको क्रममा नविन बच्चा चोर नभएर माग्ने भएको खुलेपछि उनलाई अभिभावकको जिम्मा लगाएर छोडेको निरीक्षक ओलीले बताउनुभयो । नविनको साथबाट प्रहरीले गाउँघरमा मागेर जम्मा पारेको ५ र १० रुपैया दरको करिव २ सय रुपैयाको नोट फेला परेको र उनीहरु लामो समयदेखि निजगढ वडा नम्बर ९ स्थित बकैया नदीको ड्याममा ढुङ्गाको सिलौटो र लोहोरा लगायत सामान बनाएर बस्ने

बाँकी तेश्रो पेजमा

नेपाल राष्ट्र बैंक

वीरगञ्ज कार्यालय

## सामान लिलाम सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सुचना

(प्रथम पटक प्रकाशित मितिः २०७९।०५।२५)

यस कार्यालयका देहाय बमोजिमका सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुबाट बोलपत्र फारम खरिद गरी मिति २०७९ असोज ०९ गते बिहान १२ बजेभित्र (उक्त दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) देहायको शर्तको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ ।

| समुह | लिलाम हुने मालसामान | न्युनतम मुल्य रु. (मु.अ.कर सहित) |
|---|---|---|
| १ | कम्प्यूटर एण्ड एक्सेसरिज, कार्यालय उपकरण र अन्य फुटकर सम्पत्तिहरु एकमुष्ट । | ७०,०९०।- अक्षरेपी : रु.सत्तरी हजार नब्बे मात्र । |

(१) सिलबन्दी बोलपत्र खुल्ने स्थान, मिति र समय :
(क) स्थान : नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालय ।
(ख) मिति : २०७९।०६।०९ (उक्त दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) ।
(ग) समय : दिनको १ वजे ।

(२) बोलपत्र साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको धरौटी खाता, हिसाव नं. १७०९९९९-०११-००४-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिनभित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) बोलपत्र फाराम रु.५००।- (रु.पाँच सय मात्र) (फिर्ता नहुने गरी) यस कार्यालयको विविध आम्दानी खाता हिसाव नं १७००००० -०३०-०१२-५२४ मा नगद जम्मा गरी यस कार्यालयको आन्तरिक प्रशासन फाँटबाट लिन सकिनेछ ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहेमा कार्यालय समयमा कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिन इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको), स्थाई लेखा नम्वर लिएको वा मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(७) बोलपत्र सम्बन्धी यो सुचना यस बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिने छ ।

**नेपाल राष्ट्र बैंक**
**वीरगञ्ज कार्यालय**

## सम्पादकीय........

# पार्टीमा खोइ योग्य मान्छे ?

नेपालका राजनीतिक दलहरु फरियावादमा नराम्रोसंग फसेको आरोप लाग्ने गरेको छ र यसको पुष्टी स्वयम् राजनीतिक दलहरुले नै गर्ने गरेका छन् । हालै बारामा नेपाली कांग्रेस र माओवादीले गरेको निर्णयलाई हेर्ने हो भनेपनि यो कुराको पुष्टी हुन्छ । बारामा कांग्रेसले एकैघरका तीनजनाको नाउँ आगामी मंसिर ४ गते हुने चुनावका लागि सिफारिस गरेको छ । त्यसो त माओवादीबाट श्रीमान श्रीमतीको नाउ सिफारिस गरेको छ ।

राजनीतिक रुपमा उनीहरुको योगदान पार्टीमा होला । त्यसको नजरअंदाज गर्न खोजिएको होइन तर पार्टीमा उनीहरु बाहेकका मान्छे पनि नभएका नहोलान् नि त ? यो बिषयमा भने बहस खासै भएको देखिदैन । परिवारको कोही ब्यक्ति नेतृत्व तहमा गयो कि आफ्नो परिवारका सदस्यहरुलाई अगाडि बढाउने चलन हिजोबाट नै नेपालमा चलेको हो ।

गिरिजा प्रसाद कोइराला छउन्जेल सुजाता कोइरालाको अवस्था अनि अहिले उनको अवस्थाको सहज रुपमा अनुमान लगाउन सकिन्छ । अहिले प्रचण्डका छोरी बुहारी छन् । प्रचण्डको अवसानपछि उनीहरुको अवस्था नै सुजाताकै हुने हो यसमा दुईमत छैन । त्यसैले जिल्लाका नेताहरुले पनि आफन्त र परिवारमा पार्टीलाई राखेको खण्डमा भोलि राजनीतिक दलप्रतिको बितृष्णा भनै बढेको जाने निश्चित छ ।


## सेवाको लागि सम्पर्क गरौ

१. अर्डर अनुसारको स्टेशनरी लगायत अर्डर सामाग्री सप्लाई गर्ने कार्य गरिन्छ ।
२. राष्ट्रिय र स्थानीय पत्र-पत्रिकामा सूचना प्रचार-प्रसार /प्रकाशित) गर्ने कार्य गरिन्छ ।
३. मल्टिकलर प्रिन्टिङ्ग, बिल-बुक, लेटर-प्याड, रजिस्टर, मल्टिकलर तथा जेनरल भिजिङ्गिट कार्ड, मल्टिकलर तथा जेनरल प्रमाण-पत्र, अर्डर अनुसार सेल्फ ईंक स्ट्याम्प लगायत अर्डर अनुसारका सामानहरू उपलब्ध गराईने छ ।
४. बिभिन्न किसिमका खादा, रिबन अतिथि ब्याच वा प्लाष्टिकको ब्याच, मायाको चिनो, आई डि कार्ड मल्टिकलरमा अर्डर अनुसार प्रिन्टिङ्ग कार्य गरिन्छ ।
५. सहकारी संस्था चलाउँदा आवश्यक पर्ने सम्पूर्ण खाता बहीहरू तयारी अवस्थामा बिक्रीको लागि राखिएको छ ।
६. ल्यापटप, सिसि-क्याम्रा, हाजिरी मसिन, प्रिन्टर, स्कुलको स्मार्ट बोर्ड बिक्रीको लागि राखिएको छ ।
७ सेनिटरी प्याड, फर्निचर, ईनजिनियरीगंका सामानहरू बिक्रीको लागि राखिएको छ ।
८ रबर स्टाम्प, सेल्फ कलर स्टाम्प बनाउनु परे, ज्याकेट टोपी, टि-सर्ट, मायाको चिनोमा कलर प्रिन्ट गराउनु परे सम्पर्क गर्नु होला

सम्पर्क

के. एस मल्टिप्रपोज प्रा.लि.

वीरगंज-१३, पर्सा ,९८५५०२१८८६, ९८४३११३४३५


# मेरो मत मूल्य व्यवस्थापनलाई

प्रा.डा. बालमुकुन्द रेग्मी

चुनावमा होमिएका दलहरूको हकमा यस पटकको मेरो (मतदाता) मुख्य मापदण्डचाहिँ अलि फरक छ- मूल्य व्यवस्थापन।

२०७९ मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा मतदान गर्दा दल वा उम्मेदवार चयन कसरी गर्ने भन्ने प्रश्न टड्कारो भएर अगाडि आएको छ। दल र उम्मेदवार आआफ्नो चुनावी घोषणापत्रमार्फत मतदाताको मत जित्न कोसिस गर्नेछन्। घोषणापत्रमा उनीहरूले राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक दृष्टिकोण र योजना प्रस्तुत हुनेछन्। साथै विदेश नीति, सुरक्षा नीति, स्वास्थ्य नीति, जनसंख्या नीति, भू-उपयोग नीति, श्रम नीति र अन्य जल्दाबल्दा सबालमा बहस चलाउनेछन्। आफूलाई मतदाताको स्वार्थको प्रतिनिधित्व गर्न र मौका पाए जनतालाई सुशासनको प्रत्याभूति दिन इमान्दार र सक्षम उम्मेदवारको रूपमा प्रस्तुत गर्नेछन्। मतदान गर्दा म (मतदाता) उम्मेदवारको चरित्र, विश्वसनीयता, इमान्दारिता, रचनात्मकता र कार्यक्षमताबारे पक्कै सोच्नेछु।

हो, माथि उठाइएका मुद्दा महत्वका छन्। एक्लै वा अरूसित मिलेर सरकार गठन गर्ने दाबीसहित चुनावमा होमिएका दलको हकमा यसपटकको मेरो मुख्य मापदण्ड चाहिँ अलि फरक छ- मूल्य व्यवस्थापन। समाजवादउन्मुख संविधानले निर्दिष्ट गरेको सुरक्षा, स्वास्थ्य, शिक्षाजस्ता अधिकार राज्यले पनि सुनिश्चित गरेको भए मेरो चासो अरू नै कुरामा हुनेथियो। उद्योग, व्यवसाय, स्कुलकलेज, अस्पताल सञ्चालन अनुमतिमा अंकुश लगाउन सकिने तजबिजको अधिकार र धेरैजसो वस्तु वा सेवाको मूल्यमा उदारवाद हाबी भएकाले आर्थिक विकास र लोककल्याणकारी नीतिलाई मूल्यांकनको आधार बनाउदिनँ।

दर्शन, सिद्धान्त र परिभाषामा अल्मल्याउनतिर लाग्दिनँ। उम्मेदवार दल वा व्यक्तिले मलाई निम्न प्रश्नका उत्तर प्रष्ट दिए पुग्छ :

१ छिमेकी मुलुकका बासिन्दाले सरहको मूल्य तिरेर मलाई आफ्नै देशमा खाद्यान्न, लत्ताकपडा, सवारीसाधन, इन्धन, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामान, शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउने के योजना छ ? सय पचास रुपैयाँ जोगाउन सीमापारि गएर र कहिले त प्रहरीको आँखाकान छलेर दैनिक उपभोग्य सामान ल्याउनपर्ने मेरो बाध्यताको अन्त्य गर्न के योजना छ ? ध्यान प्रहरी वा भन्सारको निगरानी बढाएर त्यसरी ल्याइने सामानलाई नियन्त्रण गर्नतिर जाने हो कि नेपालपट्टि पनि सुपथ मूल्यमा सामान पाइने वातावरण सिर्जना गर्नतिर ?

समाधानको रूपमा कतै मलाई सीमा वारपार गर्नमा अवरोध सिर्जना त गरिने होइन ? नपुग्ने सपना धेरैपटक बाँडिएकाले 'यसो गरिनेछ' भनेर आश्वासनमात्र बाँड्ने सुविधा नलिनुहोला, आफ्नो योजनाको आर्थिक-प्राविधिक आधार पनि पेस गर्नुहोस्। अन्यथा म तपाईंको कुरा पत्याउने छैन।

२ म आफ्ना बच्चालाई नेपालकै सरकारी विद्यालयमा पढाउन चाहन्छु, बिरामी पर्दा सरकारी अस्पतालमा स्वास्थ सेवा लिन चाहन्छु। अँ, भन्न खोजेको गुणस्तरीय विद्यालय र अस्पतालको कुरो हो। चिकित्सा शिक्षा, इन्जिनियरिङ, कृषिजस्ता स्तरीय पढाइ हुने सरकारी कलेज, राम्रो उपचार, शल्यक्रिया वा अंग प्रत्यारोपण हुने अस्पतालमा भर्ना पाउनै गाह्रो छ। भर्ना हुनै नपर्ने स्वास्थ्य परीक्षणको पालोसमेत सरकारी अस्पतालमा सित्ती आउँदैन। केही सरकारी कलेज र अस्पतालमा दुई थरी मूल्य पनि देखिन्छ। धेरै तिर्ने अटाउने, थोरै तिर्ने नअटाउने ! परीक्षण पनि त्यस्तै, धेरै तिर्नेको चाहिँ गर्न भ्याइने ! अझ अचम्मको कुरा त बजारले मागेको चिकित्सा र अन्य प्राविधिक शिक्षाको विद्यार्थी भर्ना गर्न सकिने सिट संख्या सरकारी कलेजको भन्दा त्यसैले सम्बन्धन दिएको निजी कलेजको बढी ! शायद यी सबै कुरा कक्षाकोठाको अभावमा वा गुणस्तरको नाममा हुन्छन्।

गाँठी कुरा झन्डै छुटेको ! भोट माग्न आउँदा अबदेखि शिक्षक, चिकित्सक वा कक्षाकोठाको अभाव देखाएर सरकारी विद्यालयमा आएका विद्यार्थी वा अस्पतालमा आएका बिरामीलाई निजी क्षेत्रमा जान बाध्य पारिने छैन भन्ने प्रत्याभूति दिने कार्यक्रमसहित आउनुहोला। आर्थिक पारदर्शिता र कालाबजारी ऐन पालना हुने गरी निजी क्षेत्रलाई शिक्षा वा स्वास्थ्य क्षेत्रलाई सरकारी क्षेत्रसित स्वस्थ प्रतिस्पर्धा गर्न दिइने कुरामा मेरो विरोध छैन, समर्थन नै छ। निजी क्षेत्रको प्रवेशपूर्व फोन सेवा कति दुर्लभ र महँगो थियो, मैले बिर्सिएको छैन। निजी क्षेत्रको शिक्षा महँगो हुनाको अर्को पनि कारण छ। देशभित्र खुल्न चाहने कलेजलाई गुणस्तरइतरका निरुत्साहित गरिन्छ। विदेश जान चाहने विद्यार्थीलाई अनावश्यक प्रक्रियागत झन्झट दिइन्छ। प्रकारान्तरले मुट्ठीभर व्यापारीको सिन्डिकेट चल्छ। यस्ता समस्या हल गर्न तपाईंको के योजना छ ?

३ हाम्रो संविधानले आधारभूत निःशुल्क स्वास्थ्य सेवालाई नागरिक हकको रूपमा परिभाषित गरेको छ। मेरो दुर्गम गाउँमा पनि यस्तो सेवा उपलब्ध हुनुपर्छ, यस्तो सेवाको लागि बजार गएर बास बस्न पर्ने अवस्था अन्त्य गर्न के योजना बनाउनु भएको छ ? संविधानले निश्चित गरेको सेवा पाउन म स्वास्थ्य बिमा गर्न चाहन्नँ। मलाई सीधै, बिनासर्त र कसैको सिफारिसबिना आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध हुने व्यवस्था होस्। मेरो घरछेउ त्यस्तो सुविधा उपलब्ध छैन भने स्वास्थ्य केन्द्रसम्म जानेआउने बाटो खर्च र बस्ने सुविधा पनि उपलब्ध गराइयोस्। यी सेवाका लागि आधारसहित योजना ल्याउनोस्। निःशुल्क स्वास्थ्य सेवा दिन नसकेर चुनिएपछि संविधान फेर्न वा आधारभूत स्वास्थ्य सेवाको परिभाषा साँघुरो बनाउनतिर त लाग्नुहुन्न।

४ स्वास्थ्य बिमाको व्यवस्था गर्नै पर्ने भए कडा नियमनसहित बिमाको जिम्मा निजी क्षेत्रलाई दिनुहोस्। बिमा नियामक पनि आफैं, कम्पनी पनि आफैं हुने गल्तीलाई निरन्तरता त दिनुहुन्न नि ?

५ सम्पत्तिको रूपमा जग्गा संग्रह गर्ने प्रवृत्तिले गर्दा जमिनमा किसानको पहुँच हुन छोड्यो। जग्गाधनी किसान पनि नगन्य उब्जाउको लागि खेती गर्नभन्दा भाउ बढ्छ भन्दै जग्गा बाँझै छोडेर जागिर खान खाडी हान्निँदै छ। उत्पादन घटेपछि अन्न महँगो त भयो नै, त्यै पनि किन्न नपाइएला भन्ने डर लागेको छ। अब जग्गा सरकारलाई मात्र बेच्न पाइने र सरकारले कत्ति नाफा नराखी स्थानीय प्राथमिकता सूचीअनुसारका व्यक्ति वा संस्थालाई मात्र बेच्न पाउने नीति आवश्यक छ। भाउ नबढ्ने भएपछि कसैले आवश्यकताभन्दा बढी जमिन राख्दैन। यसो गर्दा कसैको निजी सम्पत्तिहरण पनि हुँदैन। सहरमा पनि यस्तै गरौं, अब उप्रान्त सरकारी दरभन्दा महँगोमा भाडा लगाउन नदिऊँ। आवास, व्यापारिक वा औद्योगिक भवन निर्माणमा स्थानीय सरकार र निजी क्षेत्रबीच प्रतिस्पर्धा हुने वातावरण सिर्जना गरौं।

यसमा सहमत हुनुहुन्छ ? कार्यान्वयनमा के कस्ता चुनौती आउँलान् ? आर्थिक र प्राविधिक चुनौती कसरी हल गर्नुहुन्छ ? अँ, सुकुम्बासीलाई जग्गा बाँड्ने हैन, उपयुक्त स्थानमा बिक्री गर्न र हक हस्तान्तरण गर्न नमिल्ने गरी निःशुल्क आवास दिनुहोस्। यदि कुनै सुकुम्बासी आर्थिक सम्पन्न भएर अन्यत्र सरेमा खाली हुन आएको सो आवास अर्को कसैलाई दिन सकिने व्यवस्था मिलाउनोस्। यति गर्नु भयो भने आवासमा विद्यमान नाफाखोरीमा कमी आउँछ।

६ मूल्यमा मनलाग्दी, कालाबजारी र कृत्रिम अभावको उत्तिकै बिगबिगी छ। उस्तै गुणस्तरको पानीदेखि खानासम्मको मूल्य होटेलपिच्छे फरक छन्। प्रतिलिटर वा प्रतिकिलोग्राम सामानमा उत्पादकले भन्दा बिचौलिया र पसलेले बढी नाफा खाइरहेका छन्। 'क्याफे' लेखेको भरमा एक कप कफी गाईको दूध दुहेर पसलमा पुर्याउँदा एक लिटर दूधभन्दा बढी मूल्यमा बेचिने वा कतै त भरपेट दालभातभन्दा बढीमा समेत बेचिने व्यवस्थाले मानिस कामप्रतिभन्दा नाफाप्रति बढी आकर्षित भएको छ। विकसित देशका मूल्यमा यस्तो फराकिलो विभेद हुँदैन।

इन्टरनेट आधारभूत आवश्यकता बनेको बेलामा सेवादायीले दिएको ठेट ब्यान्डविथ नाप्न नजान्ने ग्राहक पटकपटक काटिने सेवाबाट ठगिएका छन्। 'सेवा नआएको समयपछि जोडिन्छ' भनेर टार्ने कम्पनीले कालान्तरमा ठगेरै छोड्छन्। पानी, बिजुली र फोन सुविधा अवरुद्ध भई न्यूनतम सेवा खपत गर्न नपाएका ग्राहक तोकिएको न्यूनतम शुल्क तिर्न बाध्य छन्। अटुट सेवा दिन नसकेकोमा जरिबाना तिर्ने कुरा त परै जाओस्, हाम्रा कम्पनीहरू उल्टै लाइन काट्न कसिन्छन्। यस्तो अवस्था नियन्त्रण गर्न तपाईंको कस्तो योजना छ ?

७ विभिन्न खालका दलालको उपस्थितिले गर्दा उपभोक्ता महँगो शुल्क तिर्न बाध्य छन्। एउटा डकुमेन्ट वा नमुना वस्तु विदेश पठाउँदा वा प्राप्त हुँदा वस्तुमा लाग्ने आयातनिर्यात शुल्कभन्दा बढी भन्सार एजेन्टलाई तिर्नपर्ने, 'स्मार्ट' झुन्ड्याएपछि पार्किङ शुल्क अन्यत्रभन्दा पाँच गुणा तिर्नपर्ने, 'बुटिक' झुन्ड्याएपछि विमानस्थलको प्रतीक्षालयमा बस्दा शुल्क तिर्नुपर्ने र सबै कारोबारको फाइदा निजी क्षेत्रलाई जाने। यो कस्तो विकास हो ? यस्तो मारबाट जनतालाई जोगाउन के योजना बनाउनु भएको छ ?

९ अन्त्यमा, सुरक्षाको बहानामा तपाईं दलबलसहित हिँड्दा मेरो बाटो जाम भएको छ, म समयमा गन्तव्यमा पुग्न सकेको छैन। मैले तपाईंको सुरक्षादस्ता पाल्न परेको छ। कहिले तपाईं मेरो पालो मिचेर अगाडि सेवा लिइदिनुहुन्छ, लाइनको पुच्छरमा रहेको मेरो पालै आउँदैन। अनि मेरो एक दिन समय र फलतः एक दिनको कमाइ यसै खेर जान्छ। छिस्रिक्क केही भयो कि तपाईं उपचार गर्न विदेश जानुहुन्छ, मलाई चाहिँ त्यो पैसाले त नेपालमै सानोतिनो अस्पताल बन्थ्यो जस्तो लाग्छ। कहिले मैले पाउनुपर्ने ग्यास तपाईं फोनबाटै आफूलाई झिकाउनुहुन्छ, म कालोबजारमा किन्न बाध्य हुन्छु। देशैभरका विमानस्थलदेखि सरकारी कार्यालयसम्म तपाईंले 'अति विशिष्ट' कक्ष वा सेवा लिइदिनाले मलाई धेरै अन्याय भएको छ। मलाई उपलब्ध हुने सेवा खुम्चिएको छ, मेरो गरिबी बढेको छ। यसरी मलाई परेको मर्का र प्रकारान्तरले हुने आर्थिक नोक्सानी रोक्न कस्तो कार्यक्रम ल्याउनुहुन्छ ?

आशा छ, तपाईं मूल्य व्यवस्थापनसम्बन्धी यी प्रश्नका उत्तर र चित्तबुझ्दो आर्थिक-प्राविधिक योजनासहित प्रस्तुत हुनुहुनेछ। साभारः अन्नपूर्णपोष्ट

# जगरनाथपुरमा भूमिसम्बन्धी एकदिने अभिमुखीकरण

राजन कुमार बानिया

पोखरिया, २५ भदौ/पर्साको जगरनाथपुर गाउँपालिकामा भूमि सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय भूमि आयोग पर्साका अध्यक्ष तबरेज अहमदको अध्यक्षतामा गाउँपालिकाका जनप्रतिनिधिहरुलाई अभिमुखीकरण दिइएको हो ।

'हाम्रो अभियान भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान हाम्रै पालामा' भन्ने नारालाई साकार पार्न राष्ट्रिय भूमि आयोग पर्साले अभिमुखीकरणको आयोजना गरेको आयोगका अध्यक्ष अहमदले बताउनुभयो। कार्यक्रममा भूमिहिन, सुकुम्बासी, दलित एवम् अव्यवस्थित बसोबासीहरुको पहिचान कसरी गर्ने, कसलाई भूमि उपलब्ध गराउने, सूचना कसरी संकलन गर्ने लगायतका बारेमा राष्ट्रिय भूमि आयोग पर्साका अध्यक्ष तबरेज अहमद र आयोगका सदस्य सुरेन्द्र सिंहले सहभागीहरुलाई प्रशिक्षण दिएका थिए । सोही अवसरमा भूमि सम्बन्धी कामको सहजताका लागि पालिकास्तरीय र वडास्तरीय सहजीकरण समिति गठन गर्ने निर्णय पनि गरिएको छ । आयोगका अध्यक्ष अहमदका अनुसार पालिकामा राष्ट्रिय भूमिहिन सेवा केन्द्र सञ्चालन गर्ने निर्णय पनि भएको छ । वडामा सहजीकरण समिति र पालिकामा सेवा केन्द्र स्थापना गर्न गाउँपालिका अध्यक्ष श्रीकान्त यादव पनि सकरात्मक रहेको देखिनुहुन्छ । भूमिहिन र अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि पालिकाबाट सक्दो पहल गर्ने प्रतिबद्धता जनाउँदै अध्यक्ष यादवले भूमि आयोगका कामलाई सहयोग गर्ने बताउनुभयो ।

अभिमुखीकरणमा गाउँपालिकाका अध्यक्ष यादव, उपाध्यक्ष बबिता सिंह क्षेत्री, वडाअध्यक्षहरु र कार्यपालिका सदस्यहरुको उपस्थिति रहेको थियो ।

# गढिमाइ मेला समिति गठन

मनोज शाह

जीतपुर,२५ भदौ/ जीतपुरसिमरास्थित गढिमाई मन्दिरमा मेला समिति गठन भएको छ । शनिवार जीतपुरसिमरा उपमहानगरपालिका वडा ९ मा रहेको गढिमाइ मन्दिरमा मेला समिति गठन भएको छ । वडा अध्यक्ष मोतिलाल यादवको अध्यक्षमा १९ सदस्य समिति गठन भएको हो । हरेक वर्ष झै यस वर्ष पनि मेलालाई सभ्य र भव्यरुपमा लाउने तयारी भएको वडा अध्यक्ष यादवले जानकारी दिनुभयो ।

समितिको उपाध्यक्ष भोटाई चौधरी, कोषाध्यक्ष पशुपति चौधरी, सचिव सतेन्द्र चौधरी, सहसचिव रमोध यादव र सदस्य महाराज पासवान, जितेन्द्र यादव सर्वसममत चुनिएका छन् ।

त्यसैगरी बली उपसमितिमा मुक्ति चौधरी, छोटेलाल पासवान, दायाँ पासवान,भिकारी पासवान मुन्ना चौधरी,धुरुप राय, राकेश पास्वान रहेका छन ।सुरक्षा उपसमितिमा बृजमोहन चौधरी,राजकुमार चौधरी,गोबिन्द चौधरी,बिजय चौधरी लगायत रहेको गढिमाई पूर्वधार समितिका अध्यक्ष बिरेन्द्र चौधरीले जानकारी दिनुभयो ।

# अनेमसंघ निजगढको ....

पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेल, अच्युत मैनाली र ज्वाला साहले शंवोधन गर्नुभएको थियो । अधिवेशनको उद्धाटन सत्रमा नगर प्रमुख सुरथ पुरी, उपप्रमुख सोममाया थिङ्ग, पूर्वउपप्रमुख लिलादेवी लामिछाने, अनेमसंघ केन्द्रीय सदस्य अन्जु नेपाली, बारा जिल्ला अध्यक्ष ज्ञानु केसी, अनेमसंघ केस कमला घिमिरे, एमाले मधेस प्रदेश कमिटी सदस्य दुर्गा कोइरालालगायतले पनि शंवोधन गर्नुभएको थियो । लक्ष्मी गौतमको अध्यक्षतामा भएको सो कार्यक्रमको संचालन शोभा राउतले गर्नुभएको थियो

# कलवार समुदायको कुल देवताबलभद्र भगवानको जीतपुर भव्य पुजाको आयोजना



मनोज शाह

जीतपुर,२५ भदौ/कलवार कल्याण समिति जीतपुरको आयोजनामा कलवार समुदायको कुल देवताको रुपमा रहेका बलभद्र भगवानको शनिवार भव्य रुपमा सामुहिक पूजाको आयोजना गरिएको छ । सामुहिक पूजाको जजमानको रुपमा स्थानीय कलवार समुदायका रामबाबु प्रसाद कलवार र उहाँकी धर्मपत्नीले शोधा देवीले पूजाको अवधिभर उपवास (चौका) बसी पूजालाई पूर्णता दिलाउनुभएको थियो ।

प्राचिन कालदेखि नैं कृष्ण भगवानका दाजु बलभद्र भगवान कलवार समुदायको कुल देवताको रुपामा रहनुभएको छ । बिभिन्न समुदायका श्रद्धालुहरुले बलभद्र भगवानलाई बलरामको रुपमा पनि लिने गरेको बलभद्र पूजाका आचार्य पवनेश शास्त्रीले बताउनुभयो । बलभद्रको अर्थ बारे बताउनुहुँदै आचार्य शास्त्रीले बललाई शक्ति र भद्रलाई अन्न मानिएकको बताउनुभयो ।

बलभद्र भगवानलाई भात, विषेश किसिमको दाल र पाँच प्रकारको तरकारीको भोग लगाउने प्रचलन रहेको पनि उहाँले बताउनुभयो । उहाँको पूजा पश्चात सो अन्नलाई कलवार समुदायका भक्तजनहरुले प्रसादको रुपमा ग्रहण गर्ने प्रचलन पनि प्राचिन कालदेखि नैं चल्दै आएको आचार्य शास्त्रीले बताउनुभयो ।

पूजा आरम्भ गर्नुअघि यो समुदायका श्रद्धालुले बाजागाजा र घोडाको घोडदौल सहित शोभा यात्रा पनि निकालेका थिए । सयौंको संख्यामा रहेका श्रद्धालु भक्तजनहरुको सहभागितामा पूजा स्थलबाट निकालिएको शोभा यात्राले जीतपुरस्थित राजमार्ग हुँदै केराढोका, गुदरी बजार, टेंढारोड, पहाडी टोलस्थित दुर्गा मन्दिरसम्म पुगेर पुनः पूजा स्थलमा फर्किएर विधिवत रूपमा पूजा आरम्भ भएको हो ।

# गायक निशान भट्टराईको 'म त तिम्रै हुँ' गीतको म्युजिक भिडियो सार्वजनिक

सिमरा, २५ भदौ/गायक निशान भट्टराईको निजगढमा छायाङ्कन भएको 'म त तिम्रै हुँ' गितको म्युजिक भिडियो शुक्रवार सार्वजनिक भएको छ ।

भिडियो निजगढ नगरपालिका वडा नम्बर १३ डम्बरपुर र जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १ स्थित सिमरा पार्कमा छायाङ्कन गरिएको छ । सिमरास्थित होटल श्रेष्ठ रेसिडेन्सीमा आयोजित कार्यक्रम र गायक भट्टराईको अफिसियल युटुब च्यानलबाट एकसाथ सार्वजनिक गरिएको हो ।




गायक तथा संगितकार विकास पाण्डेको शब्द र संगित रहेको गीतको भिडियोमा युवराज केसरी र रितु चौधरीको अभिनय रहेको छ । बारा जिल्लाका विभिन्न स्थानमा छायाङ्कन गरिएको भिडियोमा निर्देशन, छायाङ्कन र सम्पादन विकास गुरुङले गर्नुभएको छ ।

सिमरास्थित बिएस मेकरका संचालक गुरुङले छायाङ्कन, निर्देशन र सम्पादन गरेको यो पहिलो गीत हो । गीतको एरेन्ज अभि अमृत ल्वागन र एडिस्नल एरेन्जमेन्ट मुम्बईमा कार्यरत एन.एस.आर्याले गर्नुभएको छ । म्युजिक भिडियोमा अटो चालक र एक युवतीबीचको प्रेमलाई देखाउन खोजिएको छ ।

भिडियो सार्वजनिक कार्यक्रमका लागि सिमरा आउनुभएका गायक भट्टराईले उत्कृष्ट शब्द र संगित रहेका कारण आफूले म त तिम्रै हुँ बोलको गीतका लागि काम गरेको बताउनुभयो । गायक भट्टराईले उत्कृष्ट टिमकाबीच काम गर्न पाँउदा आफू उत्साहित रहेको प्रतिक्रिया समेत दिनुभएको छ ।

# पर्साको ग्रामीण भेगबाट लागु औषधको कारोबार तीव्र

कृष्णकुमार साह

सेढवा, २५ भदौ/लागु औषध कारोवारीहरु वीरगन्जमा मात्र नभई पर्साको ग्रामिण नाका प्रयोग गरी लागु औषध कारोबार गरिरहेको एक तथ्यले पुष्टि गरेको छ । शुक्रवार ईलाका प्रहरी कार्यालय ठोरीले भारतको भिकनाठोरी नाका प्रयोग गरी भित्रियाईएको लागू औषध नियन्त्रणमा लिएपछि ग्रामिण भेगमा पनि लागु औषध कारोबारी सकृया भएको पुष्टि गरेको हो । प्रहरीले पर्साको ठोरी गाउँपालिका वडा नम्बर २ का ३० बर्षिय युवक रबिन्द्र कुमार साहलाई नेपालमा प्रतिबन्धित लागु औषधी क्याडिवेल कप सिरप ४७४ पिस सहित पक्राउ गरेको प्रहरी नायब उपरीक्षक दीपक गिरीले बताउनुभयो । ईलाका प्रहरी कार्यालय ठोरीका प्रहरी टोलीले विशेष सूचनाको आधारमा ठोरी २ सितागुफा नजिकै सडकखण्डमा भारतको भिखनातर्फबाट नेपालको सुन्दरबस्तीतर्फ आउँदै गरेको अवस्थामा साहलाई नियन्त्रणमा लिई चेकजाँच गर्दा लागू औषधी भेटिएको उहाँले बताउनुभयो । साहले प्रतिबन्धित लागु औषध जुटको बोरामा प्याक गरी टाउँकोमा बोकी ल्याउँदै गरेको अवस्थामा पक्राउ गरेको हो । उनलाई जिल्ला प्रहरी कार्यालयमा ल्याई लागु औषध सम्बन्धी कसूरमा अनुसन्धान तथा कारवाहीको प्रकृया अगाडी बढाएको प्रहरी नायब उपरीक्षक गिरीले बताउनुभयो ।

# छिपहरमाईमा आँखा शिबिर

राजन कुमार बानिया

पोखरिया, २५ भदौ/केडिया आँखा अस्पताल परवानीपुरको प्राविधिक सहयोग र भिस्वा युवा समाजको आयोजनामा एकदिने निशुल्क आँखा शिविर शनिवार पर्साको छिपहरमाई गाउँपालिकाको वडा नम्बर ५ भिस्वामा सम्पन्न भएको छ ।

श्रीमंगल माध्यमिक विद्यालय भिस्वामा भएको सो आँखा शिबिरमा ८ सय ५५ जनाको आँखा परीक्षण भएको थियो । शिबिरमा ३२० जना मोतियाबिन्दु रोगीहरु फेला परेका छन । भिस्वा युवा समाजले आयोजना गरेको आँखा शिबिरमा भारतीय सिकटा ग्राम पंचायतका मुखिया राजन चौरसियाको सहयोगमा शिबिर सम्पन्न भएको हो ।

आँखा शिबिरलाई सिकटाका मुखिया चौरसियाले पिरवन काटेर उद्घाटन गर्नुभएको थियो। आँखा शिबिर उद्घाटन कार्यक्रमा वडा अध्यक्ष मौजीलाल साह, समाजसेबी मनोजकुमार पटेल, संतोष कुमार, पत्रकार राजनकुमार बानिया, सारुख मिया, धर्मेन्द्र यादव, सुरक्षाकर्मीलगायतको सहभागिता रहेको थियो ।

आँखा शिबिरमा केडिया आँखा अस्पताल परवानीपुरका प्राविधिक डाक्टर शिवशंकर गुप्ता,राजदेव साह, चन्दन गुप्तालगायत चेकजाँच गरेका थिए । आँखा शिबिरमा चेकजाँच गरि निशुल्क औषधी वितरण गर्नुभएको हो।

शिवीरमा मोतियाबिन्दु रोगीहरुलाई सोमबार,मंगलबार र बुधबार तीन दिन आँखाको शल्यक्रिया हुने आयोजक समितिका मनोजकुमार पटेलले बताउनुभयो । आँखा शिबिरमा भारत र नेपालका विभिन्न क्षेत्रका सर्वसाधारणको सहभागिता रहेको थियो ।

## बुद्धिजीवीहरु समाजको...

रहनुभएको छ ।

त्यस्तैगरी अर्जुन पाण्डे, रमेश लामा, मनोज रेग्मी, लिला लामा, नविन खुलाल, जीवन गौतम, शर्मिला बुढाथोकी, गोविन्दप्रसाद खरेल, हरिवंश खतिवडा, सन्त ज्ञानी, उमेश स्वर्णकार, थानेश्वर सापकोटा, रामचन्द्र मंडाल, कुश बहादुर थापा, जगतबहादुर न्यौपाने, कृष्ण पण्डित, संगिता बम्जन, नवराज दाहाल, अमर स्याङ्गतान, साधुराम खरेल, भोलाप्रसाद घिमिरे, अमिर सिंङ्तान, लोकनाथ अधिकारी, रामचन्द्र गुरो, पासनाथ कुवर, यसकुमार स्याङ्गतान, जमान सिंह घलान पनि समितिमा रहनुभएको छ ।

बुद्धिजीवी परिषद बाराका अध्यक्ष यादवकुमार तिमल्सिनाको अध्यक्षतमा भएको सो कार्यक्रममा नेकपा एमाले पोलिटब्युरो सदस्य अच्युत मैनाली, ज्वाला साह, निजगढ नगरपालिकाका प्रमुख सुरथ पुरी, नेकपा एमाले प्रदेश कमिटी सदस्य एकबहादुर श्रेष्ठ, सुदर्शन कोइराला, बुद्धिजीवी परिषद केन्द्रीय सदस्य आसमहमद अन्सारी, देवी सापकोटा, डुमरवाना कलेजका प्रमुख राधेश्याम शिवाकोटीलगायतले बोल्नुभएको थियो । कार्यक्रमको संचालन मणिश्वर घिमिरेले गर्नुभएको थियो ।

## 'बच्चा चोरी' को हल्लामा ...

गरेको पनि प्रहरीले बताएको छ । पैसा माग्दै घरघर हिडेको देखेपछि स्थानीयले बच्चा चोर हुन सक्ने आशंकामा नविनलाई नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका थिए ।

## मोतिहारी-अमलेखगंज...

कार्यालयका प्रमुख प्रदिप यादवले सोचे अनुसार नैं पाइपलाइन सफल देखिएको बताउनुयो ।

पाइपलाइनबाट इन्धनबाट आउदा सुरक्षित हुने, चुहावट र अवरोध नहुने हुँदा पाइपलाइन अत्यन्तै सफल भएको यादवको भनाइ छ । यादवले पछिल्लो तीन वर्षमा मात्रै पाँच अर्ब बचत भएको कार्यक्रममा जानकारी दिनुभयो । ट्यांकरबाट इन्धन आयात गर्दा बाटोमै चुहावट हुने, सवारी दुर्घटना हुने, सडक अवरोधका कारण नियमित ढुवानीमा कठिनाइ हुने जस्ता समस्या निगमले भोग्दै आएको थियो ।

## संयुक्त बचत तथा ऋण सहकारी संस्था लि. को नाम दर्ताको घर जग्गा विक्री सम्बन्धी सुचना

डिभिजन सहकारी कार्यालय पर्सामा दर्ता भई (द.न.२२३/०६६/०६७) जिल्ला बारा जितपुर सिमरा उ.म.न.पा. वडा नं. १ मा रहेको संयुक्त बचत तथा ऋण सहकारी सस्था लि. को नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित घर जग्गा विक्री कार्यका लागि सस्थाको मिति २०७९/०५/१८ गते सम्पन्न १३ औ वार्षिक साधारण सभाले संचालक समितीलाई उपलब्ध गराएको अख्तियारी बमोजिम यस सस्थाको मिती २०७९/०५/२३ गते बसेको संचालक समतीको बैठकको निर्णय अनुसार तपसिलमा उल्लेखित घर जग्गा तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही १५ दिने घर जग्गा विक्री सम्बन्धि सुचना प्रकाशन गरिएको छ । सो शर्तहरु बमोजिम इच्छुक व्यक्ति, कम्पनि, संघ, संस्थाहरुलाई शिलबन्दी बोलपत्र मार्फत उक्तः घर जग्गा खरिदको लागि शिलबन्दी बोलपत्र पेश गर्नु हुन अनुरोध साथ जानकारी गराईन्छ ।

**तपशित**

| सि नं. | जिल्ला | ग.वि.स/उ.म.न.पा | वडा | कि.नं. | ज.वि | जग्गा धनिको नाम | न्युनतम |
|---|---|---|---|---|---|---|---|
| १ | बारा | साविक पिप्रा सिमरा गा.वि.स हाल जितपुर सिमरा उ.म.ना.प. | २/१ | ९७६ | ०-०-१५ घरसमेत | संयुक्त बचत तथा ऋण सहकारी संस्था लि | बोलकबोल अंक ९३,००,०००।- |

**शर्तहरू**

१. घर जग्गा खरिद सम्बन्धि बोलपत्र संस्थाको कार्यालयबाट मिती २०७९/०६/०८ गते दिनको १२:०० बजे सम्म खरिद गर्न सकिने छ ।
२. आफुले खरिद गरेको बोलपत्र घर जग्गा खरिद गर्ने रकम अंक र अक्षरमा स्पष्ट लेखि पेश गर्नु पर्ने छ ।
३. व्यक्तिले आफ्नो नागरिकताको फोटोकपी पेश गर्नुपर्नेछ र संघ सस्थाको हकमा दर्ता प्रमाण पत्र, स्थयी लेखा नं. र आ.व. ०७७/०७८ सम्मको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र साथ आफुले बोलकबुल गरेको रकमको १० प्रतिशत धरौटी रकम महालक्ष्मी बिकास बैक लि सिमरा शाखाको खाता नं ०२९००१००१७२६८५०००००२ मा जम्मा गरेको सक्कल भौचर वा सस्थाको काउन्टरमा आई सस्थामानै जम्मा गरी शो भौचर पेश गर्नु पर्ने छ ।
५. बोलपत्र खरिद कर्ताले खरिद गरेको बोलपत्र मिती २०७९/०६/०८ गते दिउसो २ बजे सम्म संस्थाको कार्यालयमा पेश गर्नु पर्ने छ ।
६. सस्थाले सुचना प्रकाशन गरि यस सुचनालाई रद्द समेत गर्न सक्नेछ ।
७. बोलपत्र खरिद कर्ताले पेश गरेको बोलपत्र दिउसो ३ :०० बजे प्रतिनिधिहरुको रोहवरमा सस्थाको कार्यालयमा खोलिनेछ । र बोलपत्र दाता वा प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
८. बोलपत्र दाताले पेश गरेको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूण अधिकार संचालक समितीमा हुनेछ ।
९. बोलपत्रमा सबै भन्दा बढी अंकमा घर जग्गा खरिद गर्न बोलपत्र पेश गर्नेको बोलपत्र दातालाई दश दिनको समय दिई आफूले कवुल गरेको रकम दाखिला गर्न सुचना दिई घर जग्गा नामसारी गरिलिने जानकारी गराइने छ सो समयमा रकम दाखिला नगरेमा धरौटी वापत राखेको रकम जफत गरिने छ ।
१०. सबै भन्दा बढी अंकमा सकार गर्नेले म्याद भित्रमा रकम दाखिला नगरेमा दोश्रो वा तेश्रो बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संचालक समितीमा रहनेछ ।
११. यसमा उल्लेखित नभएका शर्तहरु सार्वजानिक खरिद ऐन २०६३ एवं सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ तथा संस्थाको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

**संयुक्त बचत तथा ऋण सहकारी संस्था लि.**
**जि.बारा जितपुर सिमरा उ.प.न.पा. १ सिमरा**
**फोन नं. ०५३-५२१८००**

हामा आइरन एण्ड स्टील
हामास्टील
१००% प्राइम बिलेटबाट उत्पादित

शान्ति ट्राभल्स
वीरगंज – गौर
समय : बिहान ५:५५ बजे ।
गौर – वीरगंज
समय : बिहान ११-२५ बजे ।
रमेश : ९८४५१६२४९८

मात्री भाग्य रेखा
वीरगंज -काकरभिठ्ठा
वीरगंजबाट खुल्ने समय
विहान : ५:२५ बजे
मोवाईल नम्बर :
९८०६८०६५००

JAGDAMBA
STEEL
देशको मेरुदण्ड

# चाडबाँड नजिकिएसँगै बारा प्रहरीव्दारा अबैध मदिरा कारोबारमाथि कडाइ

पुष्पराज खतिवडा

मनहर्वा,२५ भदौ/चाडबाँड नजिकिएसँगै बारा प्रहरीले अबैध मदिरा कारोबारमा कडाइ गर्न थालेको छ ।

यसैसाता जिल्लाका ३ पालिकाका केही वडाका घरेलु मदिरा बनाउने भ्ट्टीमा छापामारी गरी प्रहरीले ६ हजार तयारी मदिरा सहित २६ हजार लिटर कच्चा पदार्थ बरामद गरी नष्ट गरेको छ । अपराधिक गतिविधि न्यूनीकरण गर्ने उद्देश्यले थालिएको अभियान अन्तर्गत जिल्लाका ३ पालिकामा संचालित ११ भट्टीबाट अबैध घरेलु मदिरा नष्ट गरिएको बारा प्रहरीले जनाएको छ ।



प्रहरीले गत भदौं १९ गते सिम्रौगढ र पचरौता नगरपालिका तथा बारागढी गाउँपालिकाका विभिन्न स्थानका भट्टीमा छापामारी गरेको हो । मदिरा उत्पादन, खुल्ला बिक्री वितरणसँगै बढेको घरेलु हिंसा, बालबालिका विरुद्ध हुने अपराध र सवारी दुर्घटनाका जस्ता घटना न्यूनीकरण गर्ने उदेश्यले घरेलु मदिरा विरुद्ध कारबाही थालिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी निरीक्षक रामकाजी थापाले बताउनुभयो ।

ईलाका प्रहरी कार्यालय सिम्रौनगढबाट खटिएको टोलीले भट्टीहरूबाट ६ हजार लिटर तयारी मदिरा सहित २० लिटर कच्चा पदार्थ बरामद गरी नष्ट गरेको उहाँले जानकारी दिनुभयो। छापामारीको क्रममा ठुलो परिमाणमा मदिरा उत्पादन गर्न प्रयोग गरिने मेसिन, भाँडाकुडा र डूमहरू पनि नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

# गाँजाको कारोबारमा संलग्न रहेकी फरार महिला अढाइ महिनापछि पक्राउ

निजगढ, २५ भदौ/लागूऔषध गाँजाको कारोबारमा संलग्न भएर फरार रहदै आएकी एकजना महिलालाई इलाका प्रहरी कार्यालय निजगढले अढाइ महिनापछि पक्राउ गरेको छ ।

प्रहरीले मकवानपुर बकैया गाउँपालिकाकी २४ वर्षिय विमला घिसिङ्ग शाक्यलाई ललितपुरको चाँपागाउँबाट पक्राउ गरी थप अनुसन्धानको लागि शुक्रवार बिहान निजगढ ल्याएको हो ।

इर्लाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्जिव ओलीले दिएको जानकारी अनुसार चेकजाचको क्रममा प्रदेश ३, ३४९३ नम्बरको मोटरसाइकलमा बिमला र लालकाजी घिसिङ्गलाई १३ केजी गाँजासहित गत असार ९ गते पूर्वपश्चिम राजमार्गको धन्सार पुल नजिकबाट नियन्त्रणमा लिएको थियो । तर बिमला भने चेकजाचकै क्रममा पिसाब फेर्न जान्छु भनेर जंगलतर्फ लागेको उतैबाट फरार बनेकी थिइन ।

अनुसनधानको क्रममा प्रहरीले चाँपागाउँको एक घरको डेरामा लुकिछिपी बसेको अवस्थामा बिमलालाई पक्राउ गरेर निजगढ ल्याइएको र जिल्ला अदालत बाराबाट म्याद लिएर थप अनुसन्धान भइरहेको निरीक्षक ओलीले जानकारी दिनुभयो। प्रारम्भिक अनुसन्धानको क्रममा दुबै जना लागूऔषधको कारोबारी भएको प्रहरीले बताएको छ । लालकाजी भने सोही दिनदेखि प्रहरीको हिरासतमा रहदै आएका छन ।

# गढीमाई साझेदारी वन समितिका सदस्य चयन



जीतपुर,२५ भदौ/बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ७ जीतपरमा गढीमाई साझेदारी वन उपभोक्ता समुहका ७ जना सदस्य सर्वसम्मत रुपमा छनौट भएका छन ।

वडा नम्बर ७ को कार्यालयमा सम्पन्न भेलाले गढीमाई साझेदारी वन उपभोक्ता समुह गठनका लागि सर्वसम्मत रुपमा ७ सदस्यको नाम पठाइएको हो । समितको महिला सदस्यमा मालती गिरी, रेनु गिरी, दलित सदस्यमा ललिन्द्र महरा, मधेसीमा राजकिशोर प्रसाद साह कलवार तथा अन्यमा मनोजकुमार गुप्ता, राकेशकुमार गुप्ता र अजितकुमार सिहं रहेका छन ।

डिभिजन वन कार्यालय बाराले भेला गरेर ७ जना सदस्यको नाम पठाउन वडा कार्यालयलाई गरेको पत्राचारअनुसार वडाबाट सर्वसम्मत रुपमा सदस्य चयन गरेको पठाएको हो । वडा अध्यक्ष सुनिल गुप्ताको अध्यक्षतामा सम्पन्न भेलामा वडा सदस्य सीता उप्रेती, नुरुल्लाह अंसारी, नबिन मौनाली, गढीमाई साझेदारी वन उपभोक्ता समुहका अध्यक्ष गणेशजी साह कलवार, गढीमाई साझेदारी वनका ईन्चार्ज ललन राउत कुर्मी, गढीमाई साझेदारी वन उपभोक्ता समुहका सदस्य आनन्द शर्मा, शेषनाथप्रसाद कुश्वाहा, वन रक्षक बाबुराम घिमिरे, सन्तोष अधिकारी, डिभिजन वन कार्यालय बाराका सहायक वन अधिकृत आविद हुसेन, जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ७ का वडा सचिव दिल्ली ढुङ्गाना लगायतको र संचारकर्मीहरुको पनि उपस्थिति रहेको थियो ।

# कोल्हवीमा राष्ट्रिय युवा संघको प्रथम नगर अधिवेशन

कोल्हवी २५ भदौ/बाराको कोल्हवीनगरपालिका ६ प्रसौनामा शनिवार राष्ट्रिय युवा संघ नेपालको प्रथम नगर अधिवेशन सम्पन्न भएको छ।

युवा संघ कोल्हवीका पूर्वनगर अध्यक्ष नन्देशवर चौधरीको अध्यक्षतामाभएको सो अधिवेशनले सरोज चौधरीको अध्यक्षतामा ४७ सदस्यीय कमिटी गठन गरेको छ । कमिटीको उपाध्यक्षमा हरिओम मैनाली, सचिवमा बिरेन्द्र चौधरी, सहसचिवमा सरोज साह र सुमित्रा बस्नेत, कोषाध्यक्षमा मनिषा मैनाली र सदस्यहरुमा रामकिशोर चौधरी, बुधन चौधरी र श्यामसुन्दर चौधरी रहेकाछन ।



त्यस्तै नगर युथ फोर्सको संयोजकमा हरिनारायण चौधरी र सहसंयोजकमा राजु चौधरीलाई चयन गरिएको छ भने कार्यक्रममा दिपेन्द्र सुवेदीले सहजीकरण गर्नुभएको थियो ।

यसअघि नेकपा एमालेका पोलिटब्युरो सदस्य अच्युत मैनालीले अधिवेशनको उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा मधेस प्रदेश सभा सदस्य त्रिलोकी चौधरी, प्रदेश कमिटी सदस्य केवल चौधरी, ढुण्डिराज उप्रेती,राष्ट्रिय युवा संघ नेपालका जिल्ला इन्चार्ज तिलक घलान, युवा संघ नेपालका जिल्ला संयोजक राम यादव, जिल्ला कमिटी सचिवालय सदस्य एवम् कोल्हवी नगरपालिकाका पूवनगर प्रमुख भरतबहादुर भण्डारी,जिल्ला कमिटी सदस्य राम लोचन चौधरी,एमाले कोल्हवीका नगर अध्यक्ष पुरनदेव चौधरी,वडा नम्बर३ का अध्यक्ष पदका प्रत्यासी उमेदवार हरिनारायण चौधरी, बिरेन्द्र पनुहरलगायत एमालेका नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो।

अधिवेशनलाई संबोधन गर्दै प्रमुख अतिथि समेत रहनुभएका मैनालीले युवाहरू हाम्रो देशका कर्णधार भएकोले देशको विकासमा युवाहरुको जिम्मेवारी महत्वपूर्ण हुने बताउनुभयो । आफ्ना बालबालिकालाई आजबाट नै सहि बाटोमा लगाउन अभिभावकहरुसंग आग्रह पनि गर्नुभयो ।

# धान र चामलको निर्यातमा भारतले लगाएको २० प्रतिशत करप्रति वीरगन्जका व्यवसायीहरूको आपत्ति



वीरगन्ज, २५ भदौ/पर्सा जिल्लाका उद्योगी व्यवसायीले धान र चामलको निर्यातमा भारतले लगाएको २० प्रतिशत करप्रति आपत्ति जनाएका छन्

छिमेकी देशको राजश्व विभागले शुक्रवारदेखि लागु हुने गरी गरेको सो निर्णयप्रति व्यवसायीहरुले पत्रकार सम्मेलनको आयोजना गरेर विरोध गरेका हुन् । भारत सरकारको खाद्य मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालय अन्तर्गतको सो विभागले सो कर लगाउदा नेपालमा खाद्यान्नको महङ्गी बढ्ने र चामल उत्पादन गर्ने उद्योगहरु बन्द हुने अवस्था पुग्ने वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष डा. सुवोधकुमार गुप्ताले बताउनुभयो । अध्यक्ष गुप्ताले 'रोटी बेटी' को सम्बन्ध भएको भारतले सुपथ मूल्यमा रोटी खान पाउने नेपाली जनताको अधिकार छिन्न खोजेको आरोप पनि लगाउनुभयो ।

यसअघि भारतबाट हुने धान र चामल निर्यातमा भन्सार कर नरहेकोले कर लगाउने निर्णय फिर्ता गर्नका लागि नेपाल सरकारले पहल गर्नुपर्ने अन्यथा बारा र पर्साका चामल उद्योगहरु धराशायी अवस्थामा पुग्ने र नेपालमा खाद्यान्न संकटको अवस्था उत्पन्न हुनसक्ने उनीहरुले बताएका छन ।

नेपालमा वार्षिक १८ लाख मेट्रिक टन चामल खपत हुने र सो मध्ये भारतबाट वार्षिक करिब १७ लाख मेट्रिक टन धान आयात हुने गरेको जनाइएको छ। स्वदेशमै उत्पादन हुने धान र चामलले नपुगेर भारतबाट आयात गर्नुपर्ने बाध्यता रहेको अध्यक्ष गुप्ताले बताउनुभयो। भारत सरकारको नया नीतिले अब अब चोर बाटोबाट हुने व्यापार मौलाउने भन्दै व्यवसायीहरुले नेपाल सरकारको ध्यानाकर्षण पनि गराएका छन ।

# सांसद यादवव्दारा विद्यालय भवन निर्माण गर्न २५ लाखको चेक हस्तान्तरण



बारा, २५ भदौ/कलैया उपमहानगरपालिका वडा नम्बर १४ भावरास्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयको भवन निर्माणको लागि २५ लाखको चेक हस्तान्तरण गरिएको छ।

बारा निर्वाचन क्षेत्र नम्बर ३ का संघीय सांसद एवं जसपा नेपाल मधेस प्रदेश अध्यक्ष रामबाबुकुमार यादवले गत वर्षको संसदीय बिकास कोषबाट सो रकमको चेक प्रदान गर्नुभएको हो। विद्यालयमा अधुरो रहेको भवन निर्माणका लागि प्रदेश सरकारको सहयोगमा संघीय सांसद रामबाबु यादवले शनिवार एक कार्यक्रमबीच थप २५ लाखको चेक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको उपस्थितिमा प्रधानाध्यापकलाई हस्तान्तरण गर्नुभएको हो ।

विगतमा विद्यालय भवन निर्माणको लागि प्रतिवद्धता जनाएअनुसार सांसद यादवले अफ्नो संसदीय कोष र प्रदेश सरकारमार्फत कुल ७५ लाख प्रदान गर्नुभएको छ ।

विद्यालयको भौतिक विकाससँगै समग्र शैक्षिक सुधारको लागि आफू लागिपरेको उहाँको भनाई थियो ।

# छतबाट लडेर एकजनाको मृत्यु

मनहर्वा,२५ भदौ/जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १८ बडहर्वामा छतबाट लडेर एकजना पुरुषको मृत्य भएको छ ।

मृत्यु हुनेमा स्थानीय ४९ बर्षिय थमनबहादुर थापा मगर रहेका छन । उनको आफ्नै एकतले घरको छतबाट खसेर मृत्यु भएको प्रहरीले जनाएको छ । साँझ खाना खाई छतमा सुतेका थापालाई शुत्रवार बिहान साँढे ४ बजे परिवारका सदस्यले आँगनमा लडेको अवस्थामा शव फेला पारेका थिए ।

# अनेमसंघ निजगढको अध्यक्षमा शोभा राउत




निजगढ, २५ भदौ/अखिल नेपाल महिला संघको दोस्रो नगर अधिवेशन शनिवार सम्पन्न भएको छ। अधिवेशनले शोभा राउतको अध्यक्षतामा ५७ सदस्यीय निजगढ नगर कमिटी गठन गरेको छ । कमिटीको उपाध्यक्षमा सकुन्तला ठाकुर, सचिवमा जगतकुमार अधिकारी, कोषाध्यक्षमा नारायणी सापकोटा, सहसचिवमा लक्ष्मी पौडेललगायत रहनुभएको छ ।

कार्यक्रममा नेकपा एमाले

बाँकी दोश्रो पेजमा

**मोटरसाईकल हराएको सूचना**

जिल्ला विकास समिति पर्सा, बीरगंज अगाडी पार्किङ्ग गरि राखेको स्थानबाट २०७९।०५।२० गते सोमबार दिउँसो ३ बजेको समयमा ना ६४ प ८३३७ नम्बरको मोटर साईकल हराएको हुँदा फेला पार्नुहुने वा कुनै सूचना प्राप्त गर्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको नम्बरमा खबर गरिदिनुहुन अनुरोध छ ।

सवारी धनीको विवरण

नाम : कृष्णा नन्दन कुमार कलवार

ठेगाना : विश्रामपुर -६, पर्सा हाल बहुदरमाई नगरपालिका वडा नं. ९

मोडेल नं. : सुपर स्पलेण्डर, कालो रंग

इन्जिन नं. JAOSEGK9B3205

च्यासिस नं. MBLJARO33K9B48628

मोबाईल नं. : ९८०११२६३२३

प्रबन्ध संचालक :- सबिता चालिसे उपाध्याय ९८५५०२१८८६, , सम्पादक :- गोकुल घोरसाईने, ९८५५०२४४५५, कार्यकारी सम्पादक : कृष्णउदास खनाल,
विशेष संवाददाता :-दुष्यान्त चौधरी ९८४३११३४३५, कार्यालय :-निजगढ नगरपालिका वार्डनम्बर-४ बारा email:- kreepadaily@gmail.com, मुद्रक :-के.एस. मल्टिप्रपोज प्रा.ली.